**सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा पर्यटन विभागबाट क्यासिनो व्यवसायी (सूचक संस्था) लाई जारी गरेको निर्देशन, २०८२ लाई संशोधन गर्ने (तेस्रो संशोधन) निर्देशन, २०८२**

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा पर्यटन विभागबाट व्यवसायी (सूचक संस्था) लाई जारी गरिएको निर्देशन, २०८२ लाई संशोधन गर्न आवश्यक भएकोले,

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७५. को उपदफा (२) र पर्यटन ऐन, २०३५ (संशोधन सहित) को दफा ४५ङ. ले दिएको अधिकार प्रयोग गरी विभागले यो निर्देशन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशनको नाम "सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा व्यवसायी (सूचक संस्था) लाई जारी गरिएको (तेस्रो संशोधन) निर्देशन, २०८२" रहेको छ।

(२) यो निर्देशन तुरुन्त प्रारम्भ हुनेछ।

**२. सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा व्यवसायी (सूचक संस्था) लाई जारी गरिएको निर्देशन, २०८२ को बुँदा १० मा संशोधनः**

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा व्यवसायी (सूचक संस्था) लाई जारी गरिएको निर्देशन, २०८२ को बुँदा १० को उपबुँदा (१) को खण्ड (क१) पछि देहायको खण्ड (क२) थप गरिएको छ।

"(क२) ग्राहकले एक दिनमा एक पटक वा पटक पटक गरी एक लाख रुपैयाँ वा सो रकम बराबरको विदेशी मुद्राभन्दा बढीको आकस्मिक कारोवार गर्दा,"

रामकृष्ण लामिछाने
महानिर्देशक